(कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०६८ द्वारा स्थापित)

# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

## KARNALI ACADEMY OF HEALTH SCIENCES

डीनको कार्यालय

जुम्ला, नेपाल

## एनेस्थेसिया एसिस्टेन्ट कोर्षमा भर्ना सम्बन्धि सूचना:

प्रथम पटक प्रकाशित मिति: २०७६/०८/१९

यस कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले शैक्षिक वर्ष २०७६/७७ मा एक बर्षे एनेस्थेसिया एसिस्टेन्ट कोर्ष संचालन गर्न विद्यार्थी भर्नाका लागि यो सूचना प्रकाशित गरिएको छ | मान्यताप्राप्त शिक्षण संस्थाबाट जनरल मेडिसिन (हे अ) वा पी सी एल नर्सिंग (स्टाफ नर्स) पास गरेका नेपाली नागरिकले कृषि विकास बैंकमा रहेको यस प्रतिष्ठानको खाता नं ०७२१३०१४७६३३४०१३ मा रु २०००/- ( दुई हजार रुपैया फिर्ता नहुने गरी) जम्मा गरी सोको सक्कल भौचर पेश गरेपछि प्रतिष्ठानको कार्यालय जुम्लामा मिति २०७६/०८/२२ गतेदेखि वितरण गरिने प्रवेश परीक्षा फारममा उल्लेख भएका सम्पूर्ण कागजात संलग्न गरी फारम भरि २०७६/०९/१८ गते भित्र डीनको कार्यालयमा बुझाई सक्नु पर्नेछ | सो दिन बिदा परेमा विदापछि कार्यालय खुलेको पहिलो दिनमा कार्यालय समय भित्र बुझाई सक्नु पर्नेछ |

प्रवेश-पत्र मिति २०७६/०९/२० गतेदेखि २०७६/०९/२५ सम्म वितरण गरिनेछ | प्रवेश-पत्र लिन स्वयं वा लिखित निवेदन सहितको वारेस उपस्थित हुनु पर्नेछ | प्रवेश परीक्षाको मिति, स्थान र समय प्रवेश-पत्रमा नै उल्लेख हुनेछ |

अन्य थप जानकारीको लागि डीनको कार्यालयमा सम्पर्क राख्न सम्बन्धित सबैमा सूचित गरिन्छ |

सिट संख्या:

| | | |
|---|---|---|
| नेपाल सरकार | (क) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाह पथ, काठमाण्डौ | १ (एक) |
| | (ख) प्रदेश सरकार ६ | १ (एक) |
| | (ग) प्रदेश सरकार ७ | १ (एक) |
| स्पोन्सर (Sponsor) | एन एस आई (Nick Simon's Institute) | २ (दुई) |
| खुल्ला | | केहि |

नोट: कुनै पनि कारणले नेपाल सरकार वा स्पोन्सर सिट खाली रहन गएमा खुल्ला प्रतिस्पर्धी मध्येबाट सफल उम्मेदबारको प्राप्तांकको क्रमानुसार (Merit List) अनुसार भर्ना लिइनेछ |

संलग्न गर्नु पर्ने कागजातहरु:

- प्रदेश अन्तर्गत कार्यरत योग्यता पुगेका उम्मेद्वारहरुले सम्बन्धित सामाजिक विकास मन्त्रालय वा सम्बन्धित प्रादेशिक तालिम केन्द्रको मनोनयन पत्र |
- Nick Simon's Institute को Sponsor को सिटको हकमा सोहि संस्थानको मनोनयन पत्र |
- नेपाल सरकारबाट मान्यताप्राप्त संस्थामा २ दुई बर्ष काम गरेंको अनुभवको प्रमाण-पत्रको प्रतिलिपि |
- संबन्धित परिषद (National Health Professional / Nursing Council)मा दर्ता भएको प्रमाणित प्रतिलिपि |
- एस् एल् सी / एस् ई ई देखि हे अ / स्टाफ नर्स तह सम्मको सम्पूर्ण प्रमाण-पत्रको प्रतिलिपिहरु |
- नागरिकताको प्रतिलिपि |